दार्मा गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८३

दार्मा गाउँपालिका, सल्यान

कर्णाली प्रदेश

नेपाल

दार्मा गाउँपालिका

स्थानीय राजपत्र

खण्ड -१० **सङ्ख्या : ४** **मिति : २०८३/०५/२२**

भाग -२

दार्मा गाउँपालिका

गाउँकार्यपालिका स्वीकृत मिति :२०८३/०५/१७

प्रमाणिकरण मिति : २०८३/०५/२२

दार्मा गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार एवम् दार्मा गाउँपालिका शिक्षा ऐन २०७७ को दफा ६३ को (१) ले दिएको अधिकार प्रयोग गरी दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि, २०८३ जारी गरी लागू गरिएको छ।

परिच्छेद -१
सङ्क्षिप्त नाम र प्रारम्भ

१. सङ्क्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम दार्मा गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि २०८३ रहेको छ।

(२) यो कार्यविधि दार्मा गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ''अध्यक्ष'' भन्नाले दार्मा गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) ''उपाध्यक्ष'' भन्नाले दार्मा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) ''ऐन'' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ।

(घ) ''कार्यविधि' भन्नाले दार्मा गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको लेखापरीक्षण कार्यविधि, २०८३ सम्झनुपर्छ।

(ङ) ''गाउँपालिका'' भन्नाले दार्मा गाउँपालिकालाई सम्झनुपर्छ।

(च) ''प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले दार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(छ) ''लेखापरीक्षक'' भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रचलित कानुन बमोजिम प्रमाणपत्र प्राप्त व्यक्ति/ संस्था वा फर्मलाई जनाउँछ।

(ज) ''लेखापरीक्षण'' भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षणलाई सम्झनुपर्छ।

(झ) ''शिक्षा युवा तथा खेलकुद शाखा'' भन्नाले दार्मा गाउँपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ञ) "शाखा प्रमुख" भन्नाले गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखाको वरिष्ठ शिक्षा अधिकृत वा निजको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ।

परिच्छेद - २
लेखापरीक्षण सम्बन्धी व्यवस्था

३.सूचीकृतको लागि सूचना प्रकाशन: (१) गाउँपालिकाले गाउँपालिका भित्रका विद्यालयहरुको लेखापरीक्षण गर्न इच्छुक एवं आवश्यक प्रक्रिया पुरा गरेका चार्टर्ड एकाउन्टेन्ट वा रजिष्टर लेखापरीक्षक/ फर्महरुलाई गाउँपालिकामा सूचीकृत हुन १५ दिने सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) विद्यालय लेखापरीक्षण सम्बन्धी सूचना अनुसूची १ बमोजिमको हुनेछ।

४.सूची तयारी गर्ने: (१) गाउँपालिकामा रितपूर्वक सूचीकृत भएका फर्महरुको एकीकृत विवरण तयार गरि सो अभिलेख शिक्षा,युवा तथा खेलकुद शाखाले राख्ने छ।

(३) सूचीकृत भएका लेखापरीक्षकहरु बाहेक अन्य लेखापरीक्षकबाट लेखापरीक्षण गराएमा वा गराईएको अवस्थामा त्यस्तो लेखापरीक्षणलाई बैधता दिन पालिका बाध्य हुने छैन।

(४) एउटै लेखापरीक्षकलाई लगातार ३ आर्थिक वर्ष भन्दा बढी पटकको नियुक्तिको लागि निर्णय सिफारिस गर्न पाइने छैन।

५.लेखापरीक्षकको नियुक्ति:- (१) विद्यालय लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति दिदा देहायका कागजात आवश्यक पर्नेछ :-

(क) लेखापरीक्षकको पेशागत प्रमाणपत्र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि

(ख) आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपपि

(२) विद्यालयको लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा, सिफारिसको ढाँचा, नियुक्तिको ढाँचा क्रमश अनुसूची २, ३, र ४ बमोजिम हुनेछ।

परिच्छेद -३
लेखापरीक्षक छनौट समिति

६. लेखापरीक्षक छनौट समिति देहायबमोजिम हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्राविधिक सहायक - सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

७. दफा ६ बमोजिम गठित लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) आर्थिक वर्ष सुरु भएको तीन महिनाभित्र शिक्षा, युवा तथा खेलकुद शाखाबाट लेखापरीक्षणको लागि आशय पत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गराउने,

(ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवम् सूचक तयार गरी स्वीकृत गर्ने,

(ग) प्रकरण (क) बमोजिम प्राप्त आशय पत्रउपर छानविन गर्ने,

(घ) लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित लेखापरीक्षक र विद्यालयलाई शिक्षा, युवा तथा खेलकुद शाखामार्फत लिखित जानकारी दिने,

(ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,

(च) सामुदायिक विद्यालयहरुको कम्तिमा चौमासिक रुपमा लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरि बेरुजु सम्परीक्षण गराउन सहजीकरण एवम् निर्देशन दिने,

(छ) विद्यालयहरुको एक आर्थिक वर्षमा कम्तिमा एक पटक स्थलगत अध्ययन गरी लेखा एवम् लेखापरीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गरी गाउँपालिका समक्ष प्रतिवेदन पेश गर्ने,

(ज) एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार बढिमा तीन आर्थिक वर्षका लागि मात्र नियुक्ति दिने,

(झ) दार्मा गाउँपालिकाले तोकेबमोजिमका लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने,

(ञ) गाउँपालिकामा सूचीकृत भएका लेखा परीक्षकहरु मध्ये लेखापरीक्षक छनौट समितिको सिफारिस तथा शिक्षा,युवा तथा खेलकुद शाखाको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतको राय बमोजिम शिक्षा,युवा तथा खेलकूद शाखाको प्रमुख कम्तिमा सातौं तहको अधिकृतस्तरको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति प्रदान गरी नियुक्ति प्रदान गरिएको मितिले ३५ दिन भित्र नियुक्ति बुझि विद्यालयको लेखा परीक्षण गरि प्रतिवेदन पेश गर्नुपर्ने छ।

(ट) तोकिएको अवधिभित्र सम्बन्धित लेखापरीक्षक वा फर्मले कार्यसम्पन्न नगरेमा शिक्षा,युवा तथा खेलकूद शाखाको सिफारिस तथा प्रमुख प्रशासकीय अधिकृतको राय बमोजिम सूचीकृत भएका लेखापरीक्षक वा फर्महरु मध्येबाट अर्को फर्मबाट विद्यालयको लेखापरीक्षण गराउनु पर्नेछ।

(ठ) तोकिएको लेखापरीक्षकले सम्बन्धित विद्यालयमा पुगी लेखापरीक्षण गर्नुपर्ने छ । लेखापरीक्षण पश्चात तत्काल लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धित विद्यालय र शिक्षा शाखालाई दिनुपर्ने छ, भने ३५ दिन भित्र अन्तिम प्रतिवेदन दिनुपर्नेछ।

(ड) विद्यालयको लेखापरीक्षण पश्चात लेखापरीक्षकले वेरुजु औल्याएका विषयहरु सम्बन्धित विद्यालयले आवश्यक कारवाही गरि अन्तिम प्रतिवेदन दिने समय भित्र सम्बन्धित लेखापरीक्षक समक्ष पेश गर्नुपर्ने छ।

८. विद्यालयको कर्तव्य : (१) दार्मा गाउँपालिकाबाट खटाइएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यायलयको कर्तव्य हुनेछ।

९. लेखापरीक्षण छनौट समितिको सिफारिसमा कम्तिमा सातौं तहको अधिकृतस्तरको शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट लेखापरीक्षकको नियुक्ति हुनेछन्।

१०. सचिवालय : विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्य गर्न एवम् दफा (६) बमोजिम गठित समितिको सचिवालयको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखाले कार्य गर्नुपर्नेछ।

परिच्छेद -४
लेखापरीक्षणको पारिश्रमिक

११. लेखापरीक्षण शुल्क : (१) आय/ व्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कन र मुद्धती खाताको रकम समावेश हुने छैन।

(२) लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक, आय/व्यय विवरणका आधारमा ०.२५ प्रतिशतका दरले प्रतिवेदन बुझाएपछि विद्यालयले पारिश्रमिक रकम भुक्तानी दिनुपर्नेछ।

(३) माथि उल्लेखित रकमभन्दा बढी रकम विद्यालयबाट लेखापरीक्षकले दाबी गर्न पाइने छैन्।

(४) लेखापरीक्षकले नियमानुसार हुन आउने पारिश्रमिक भन्दा बढी रकम मागेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरि तुरुन्त दार्मा गाउँ कार्यापालिकाको कार्यालयमा जानकारी गर्नुपर्नेछ।

(५) उप दफा ४ बमोजिम गरेको पाइएमा लेखापरीक्षकको नियुक्ति जुनसुकै बखत रद्द गर्न सक्नेछ।

परिच्छेद -५
आन्तरिक लेखापरीक्षण

१२. प्रत्येक वर्ष दार्मा गाउँपालिकाले सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण गाउँपालिकाले गराउन सक्नेछ। लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र शिक्षा,युवा तथा खेलकूद शाखा समक्ष पेश गर्नुपर्नेछ।

१३. आन्तरिक लेखापरीक्षण वापतको पारिश्रमिक लिन/दिन पाइने छैन।

परिच्छेद -६
अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१४. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्टयाइसहित पठाउनुपर्नेछ। उक्त लेखापरीक्षण प्रतिवेदनउपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

परिच्छेद – ७
बेरुजु र सम्परीक्षण

१५. आन्तरिक र अन्तिम लेखापरीक्षकबाट कायम भएको बेरुजुको लगत तयार गर्ने र सम्परीक्षणको लागि दार्मा गाउँपालिकामा पेश गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ।

१६. बेरुजु फछ्यौट गर्न बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई बुझाउनुपर्नेछ । जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलिइ बेरुजु फछ्यौट गर्नु, गराउनु पर्नेछ ।

परिच्छेद -८

खारेजी र बचाउ

१७. यो कार्यविधि लागू भए पछी दार्मा गाउँपालिकाको विद्यालय लेखापरीक्षण सम्बन्धी कार्यविधि -२०७७ खारेज हुनेछ ।

१८. यो कार्यविधि दार्मा गाउँपालिकाको गाउँ कार्यपालिकाले जुनसुकै बखत संशोधन र खारेजी गर्न सक्ने छ ।

१९. यो कार्यविधि लागू भए पश्चात विगतमा भएका विद्यालय लेखापरीक्षणका क्रियाकलापहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

आज्ञाले
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची (१)

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर,सल्यान

प.सं. **चलानी नं.** **मितिः**

विद्यालय लेखापरीक्षणको आशय पत्र पेश सम्बन्धी सूचना ।

(प्रकाशन मितिः

गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष ………….. सम्मको आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गर्न देहायको शर्त र योग्यता पुगेका इच्छुक दर्तावाला लेखापरीक्षक/ चार्टर्ड एकाउन्टेन्टस /फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति …………….. गते) साथै अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालयमा दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

शर्त तथा योग्यता

१. लेखा व्यवसायी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि वा
२. नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा सूचिकृत भएको,
३. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. आर्थिक वर्ष ………….. सम्मको करचुक्ता प्रमाणपत्र,
५. रु १,००० (एक हजार) तिरेको सक्कल भौचर ।
६. यसमा लेखिए बाहेकका अन्य कुराहरु प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।
७. म्याद नाघि प्राप्त भएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

अनुसूची (२)
लेखापरीक्षकले दिने निवेदनको ढाँचा

मिति : २०   /   /

श्री वरिष्ठ शिक्षा अधिकृतज्यू
शिक्षा, युवा तथा खेलकुद शाखा
दार्मा गाउँपालिका, सल्यान ।

विषय : विद्यालयको लेखापरीक्षणका लागि आशय पत्र पेश गरिएको ।

महोदय,

उपर्युक्त विषयमा दार्मा गाउँपालिका अन्तर्गत रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ.व. .... को लेखापरीक्षणका लागि प्रकाशित सूचना बमोजिम आशयपत्र माग गरिएकोमा, मेरो नाममा रहेको लेखापरीक्षण संस्थाबाट यस दार्मा गाउँपालिका अन्तर्गतका विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि आशय पत्र साथ तपसिल बमोजिमका लेखापरीक्षकसँग सम्बन्धित प्रमाणपत्रहरुको संलग्न गरी पेश गरेको व्यहोरा श्रीमान् समक्ष अनुरोध छ ।

……………..
लेखापरीक्षक

तपसिल

(क) पेशागत प्रमाण-पत्रको नवीकरण सम्बन्धी प्रमाणित प्रमाणित प्रतिलिपी – १
(ख) प्यान / भ्याट दर्ताको प्रमाणित प्रतिलिपी – १
(ग) चालू आ.व. भन्दा अगाडिको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी – १
(घ) नागरिकताको प्रमाणित प्रतिलिपि – १
(ङ) संस्थाको प्रोफाइल – १

अनुसूची ३

दर्ता सूची एकीकृत फाराम ।

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान

प्राप्त फर्महरुको विवरण एकीकृत गरिएको।
(एकीकृत मितिः)

उयर्युक्त विषयमा यस कार्यालयको मिति ……………..गतेको विद्यालय लेखापरीक्षणको आशय पत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार कार्यालयमा सूचीककृत भएका रजिष्टर लेखापरीक्षक / चार्टर्ड एकाउन्टेन्टस् /फर्महरुको सम्बन्धमा मिति ……….. गतेको शिक्षा,युवा तथा खेलकूद शाखाको निर्णय बमोजिम आवश्यक योग्यता पुगेका विद्यालय लेखापरीक्षकहरुको सूची एकीकृत गरिएको छ ।

तपसिल

क्र स	पालिका दर्ता नं	फर्मको नाम	ठेगाना	सम्पर्क नं

……………………..
वरिष्ठ शिक्षा अधिकृत/ प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -५

लेखापरीक्षक नियुक्तिको ढाँचा

दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

प.स. : च. नं.: मिति :

विषय : लेखापरीक्षक नियुक्ति ।

श्री ....

उपर्युक्त विषयमा आर्थिक वर्ष २०...../....... सम्मको लेखापरीक्षण गर्न तपाईलाई यस कार्यालयको मिति .... को निर्णयानुसार तपसिलका विद्यालयहरुको लेखापरीक्षकमा नियुक्ति गरिएको छ । नियमानुसार लेखापरीक्षण गरि प्रतिवेदन यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

अन्तिम लेखापरीक्षण गर्न तोकिएको विद्यालय

सि.नं.	विद्यालयको नाम र ठेगाना	सि.नं.	विद्यालयको नाम र ठेगाना
१		२	

१. विद्यालयको लेखापरीक्षण गर्दा सरकारी अनुदान तथा विद्यालयको आन्तरिक स्रोतबाट भएको यथार्थ आय - व्यय देखिने गरी पेश गर्नुपर्नेछ ।

२. विद्यालयको भौतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

३. आम्दानी र खर्च प्रचलित ऐन, नियमअनुसार भए / नभएको हेर्नुपर्नेछ ।

४. विद्यालयको लेखापरीक्षण गर्दा विद्यालय व्यवस्थापन समितिलाई समेत जानकारी गराउनुपर्नेछ ।

५. लेखापरीक्षण प्रतिवेदन, लेखापरीक्षण नियुक्ति भएको मितिले ३० (तीस) दिन भित्र पेश गरी सक्नुपर्नेछ ।

६. आय / व्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कन रकम र मुद्धती खाताको रकम समावेश हुने छैन । लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक आय/व्यय विवरणका आधारमा लेखा परीक्षक छनौट समितको निर्णयानुसार सयकडा ०.२५ (पच्चीस) पैसाका दरले प्रतिवेदन बुझाएपछि विद्यालयबाटै रकम भुक्तानी हुनेछ ।

७. लेखापरीक्षण गर्दा, विद्यालयको घर भाडा भुक्तानी गर्दा अग्रिम कर कट्टी गरे / नगरेको, कर योग्य आय भएका शिक्षकहरुको कर कट्टी गरे / नगरेको, कर योग्य आय भएका शिक्षकहरुको कर कट्टी गरे / नगरेको, तलब भुक्तानी गर्दा १ % (प्रतिशत) सामाजिक सुरक्षा कर कट्टी गरे / नगरेको, स्थायी शिक्षकहरुको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सावधिक जीवन बीमा वापतको रकम कट्टी गरी ती रकमहरु समयमै सम्बन्धित खातामा दाखिला गरे / नगरेको विवरण समेत पेश गर्नुपर्नेछ ।

८. कार्यालयबाट छात्रवृत्ति,प्रतिविद्यार्थी लागत र पाठ्यपुस्तकमा निकासा भएको रकम सम्बन्धित शीर्षकमा खर्च भए / नभएको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

९. भौतिक निर्माणतर्फ विभिन्न शीर्षकमा निकासा भएको रकम सम्बन्धित शीर्षकमा खर्च भए / नभएको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

१०. उपरोक्त लेखिए बाहेकका अन्य कुराहरु, दार्मा गाउँपालिकाको शिक्षा ऐन २०७७, अनुसार गर्ने/ गराउने र सोही बमोजिम प्रतिवेदन पेश गर्नुपर्नेछ । भ्याटमा दर्ता नभएका लेखापरीक्षकहरुको पारिश्रमिक रकम भुक्तानी गर्दा १५

प्रतिशतले हुने रकम अग्रिम आय कर वापत कट्टा गरी भुक्तानी हुनेछ। तर भ्याटमा दर्ता भएका लेखापरीक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा १.५ प्रतिशत पारिश्रमिक कर कट्टा गरि भुक्तानी दिनुपर्नेछ।

११. तोकिएको समयमा प्रतिवेदन कार्यालयमा प्राप्त नभएमा अर्को लेखापरीक्षक पठाइ लेखापरीक्षण कार्य सम्पादन गराइनेछ।

१२. लेखापरीक्षण गर्दा प्रचलित लेखापरीक्षण मापदण्ड, लेखापरीक्षण ऐन, २०४८ तथा नेपाल चार्टड एकाउन्टेन्स संस्थाबाट जारी भएको विद्यालयको लेखापरीक्षण निर्देशिकालाई समेतलाई अवलम्बन गर्नुपर्नेछ।

....
प्रमुख प्रशासकीय अधिकृत/वरिष्ठ शिक्षा अधिकृत

बोधार्थ :

श्री ....विद्यालय .... उपर्युक्त अनुसार त्यस विद्यालयको आर्थिक वर्ष २०../... सम्मको लेखापरीक्षण सम्पन्न गराइ सोको जानकारी यस कार्यालय समेतलाई जानकारी गराउनु हुन साथै नियमानुसार कर कट्टी गरि लेखापरीक्षकको पारिश्रमिक त्यसैबाट भुक्तानी दिनुहुन अनुरोध छ ।

आज्ञाले
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत